**कार्यपालिका बैठक संख्या नं २४** **मिति २०८०/०३/०३ गते**

राप्ती सोनारी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
अगैया,बाँके
लुम्बिनी प्रदेश,नेपाल

**प्रस्तावहरुः**

१. पूर्व निर्णयहरुको समीक्षा सम्बन्धमा।
२. गाँउ सभाको बैठक आव्हान गर्ने सम्बन्धमा।
३. कार्यपालिकीय समितिको कार्यक्षेत्र निर्धारण सम्बन्धमा।
४. शीत भण्डार निर्माण ठेक्काको म्याद थप सम्बन्धमा।
५. लक्ष्मी माध्यमिक विद्यालयको प्रस्ताव सम्बन्धमा।
६. अनुगमन प्रतिवेदन अनुमोदन सम्बन्धमा।
७. विविध।
(क) कार्यपालिका बैठक सम्बन्धमा।
(ख) समितिको प्रतिवेदन सम्बन्धमा।
(ग) कृतिका मिडियाको प्रस्ताव सम्बन्धमा।

(ओम प्रकाश देवकोटा)
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

**निर्णय नं. १**

राप्ती सोनारी गाउँ कार्यपालिकाले यस पूर्वका बैठकहरुमा गरेका निर्णयहरु कार्यान्वयन अवस्थाका सम्बन्धमा समीक्षा गरियो।

**निर्णय नं. २**

यस गाँउपालिकाको १३औं गाँउ सभाको बैठक २०८० आषाढ ८ गते बिहान ११ बजे गाँउपालिकाको सभा हलमा गर्ने गरी आव्हान गर्ने निर्णय गरियो।

**निर्णय नं. ३**

गाँउ कार्यपालिका अन्तर्गत रहने विभिन्न समितिको कार्यक्षेत्र तपसील अनुसार निर्धारण गर्ने निर्णय गरियो।

(क) आर्थिक विकास समिति- कृषि विकास शाखा, पशु सेवा शाखा, सहकारी शाखा, भूमि प्रशासन शाखा, उद्यम विकास शाखा र रोजगार सेवा केन्द्र।

(ख) सामाजिक विकास समिति- शिक्षा, युवा तथा खेलकुद शाखा, स्वास्थ्य शाखा, महिला, बालबालिका तथा समाज कल्याण शाखा, खानेपानी इकाई, सामाजिक सुरक्षा इकाई र गै स स समन्वय शाखा।

(ग) पूर्वाधार विकास समिति- पूर्वाधार शाखा, योजना शाखा, खानेपानी इकाई, सुरक्षित नागरिक आवास परियोजना, घर नक्सा जाँचपास इकाई र तथ्यांक इकाई।

(घ) वन, वातावरण तथा विपद् व्यवस्थापन समिति- शिक्षा, स्वास्थ्य, खानेपानी, पूर्वाधार, वातावरण र LEOC।

(ङ) सुशासन तथा संस्थागत विकास समिति- प्रशासन शाखा, आर्थिक प्रशासन शाखा, सूचना प्रविधि तथा अभिलेख व्यवस्थापन शाखा, जिन्सी इकाई, राजस्व इकाई, आन्तरिक लेखा परीक्षण, न्यायिक समिति र पंजीकरण इकाई।

**निर्णय नं. ४**

यस गाँउपालिका र GROW UP CONSTRUCTION & BUILDERS PVT. LTD. बीच मिति २०७८/१०/२६ मा सम्झौता भएको Contract No. RSRM/WORKS/078-79/05 को Cold Store House and Cooling Machine Installation, Rapti Sonari-04, Banke को DPR निर्माण गरेको Consultancy को Design अनुसार काम गर्दै जाँदा केही Item मा Variation Order गर्नु पर्ने भएको र तत् कार्य सम्पन्न पश्चात मात्र ठेक्काको सम्पूर्ण काम सम्पन्न गर्नु पर्ने भएकोले मिति २०८० पौष मसान्तसम्मका लागि म्याद थप हुन मनासिव देखिएको भनी पूर्वाधार शाखाको राय संलग्न भई प्रमुख प्रशासकीय अधिकृत मार्फत पेश हुन आएको म्याद थप सम्बन्धी फायल सदर गर्ने निर्णय गरियो।

**निर्णय नं. ५**

यस गाँउपालिकाको वार्ड नं २ मा रहेको लक्ष्मी माध्यामिक विद्यालय मधुईले ११ र १२ कक्षामा पढ्ने कृषि प्राविधिक धारका विद्यार्थीहरुको On the Job Training गर्न यस पालिका अन्तर्गतको कृषि विकास शाखा वा मातहतमा रहने गरी प्रस्ताव पेश गरेकोले गाँउपालिकालाई आवश्यक संख्या कृषि विकास शाखाले निर्धारण गरी सम्झौता प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

**निर्णय नं. ६**

गाँउपालिका उपाध्यक्ष श्री मनिषा सिंह थारुले २०८० जेष्ठ महिनामा गर्नु भएको अनुगमनको प्रतिवेदन अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं. ७**

विविध विषयमा तपसील अनुसारको निर्णय गरियो।

(क) आगामी कार्यपालिका बैठक मिति २०८० आषाढ ६ गते बस्ने।

(ख) कार्यपालिकीय समितिहरुको प्रतिवेदन आगामी कार्यपालिका बैठकमा पेश गर्ने।

(ग) यस गाँउपालिकाको सन्देशमूलक सूचना तथा नदीजन्य पदार्थको रोकथाम सम्बन्धी सूचना प्रकाशन र प्रशारण गरे वापत कृतिका मिडियालाई रु ३००००। (तिस हजार मात्र) उपलब्ध गराउने।

प्रमाणित

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत



CamScanner